प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१५, अंक-३९ ● २०७९ चैत्र २७ गते सोमबार, ● 10 April 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## रैथाने खैजडी भजन संरक्षणमा किटेनीका

# महिलाहरु नै सक्रिय



शम्भु अधिकारी
थाहानगर

थाहा नगरपालिका वडा नम्बर ४ मा किटेनीका महिलाहरू रैथाने खैजडी भजन संरक्षणमा जुटेका छन् । पुरूषले मात्र गाउने परम्परा रहेको उक्त भजन स्थानीय महिलाहरूले सिकेका छन् । उनीहरूका लागि संचालन भएको खैजडी भजन तथा वाद्यवाधन प्रशिक्षण कार्यक्रम सकिएको छ । तालिम सकिएसंगै किटेनकि महिलाहरू भजन गाउँदै त्यही तालमा छमछमी नाच्न सिपालु भएका छन् ।

महिलाहरूलाई लक्षित गरी २ फागुनबाट हुरू भएको प्रशिक्षण २० चैतमा सकिएको हो । लोप हुँदै गैरहेको धार्मिक कार्यमा गाइरहने खैजडी भजनलाई नयाँ पुस्ताका युवा हरूले चासो दिन छाडेपछि खैजेडी भजन समुहले महिलाहरूलाई खैजडी बजाउन र भजन लय हालेर गाउन सिकाएका हुन । थाहा खैजडी भजन समुहका सुकदेव रायमाझी, भिमसेन खत्री, कृष्ण बहादुर अधिकारी, चन्द्र बहादुर कार्की, मधु केसी, बासुदेव खत्री र अक्कल बहादुर केसीको टिमले ४५ सम्म भजन सुनाएका हुन् । प्रशिक्षणमा ४ नम्बर वडाको किटेनीका २५ जना महिलाहरूको सहभागीता रहेको थियो । भजनमा सैद्धान्तिक र प्रयोगात्मक दुवै विधि अपनाइएको थियो । किटेनीको घलेडाडामा अवस्थित किरातेश्वर महादेव मन्दिरको पाटिमा निरन्तर अभ्यासमा जुटिरहेका महिलाहरू भजन गाउन र वाद्यपादन प्रयोगमा सीपालु भएका छन् ।

तालिम समापन समारोहका प्रमुख अतिथी तथा थाहा नगरपालिकाका उपरमुख भरत गोपालीले महिलाहरूको भजन प्रस्तुतिमा आफै खैजडी बजाउदै नाचेका थिए । उनले भने-'महिला दिदी बहिनीको धर्म सस्कृती जगेर्नाको यो कार्यले थाहानगरले नयाँ पहिचान पाएको छ ।' उपप्रमुख गोपालीले खुशी व्यक्त गर्दै थाहा नगरपालिका भन्ने वित्तिकै ऋषेश्वर महादेव, गोरखनाथ, चित्लाङ, दामन भनेर चिनिन्थ्यो अब अर्को चिनारी महिला खैजडी भजन थपिएको बताए । उनले महिलाहरूको भजनप्रतिको आकर्षण र प्रयोग जति प्रशंसा गरेपनी नपुग्ने बताउदै धर्म संस्कृति संरक्षणमा थाहानगर सदैव हातेमालो गरेर अगाडि बढ्ने उल्लेख गर्दै नगरपालिकाबाट र आफ्नो व्यक्तिगत तर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाए ।

थाहा खैजडी भजन समुहका अध्यक्ष भिमसेन खत्रीको सभाध्यक्षतामा भएको समापन समारोहमा थाहानगर वडा नम्बर ४ का अध्यक्ष नारायण लामा, ३ नम्बर वडाध्यक्ष हिरेन्द्र रायमाझी, थाहा नगर पालिका सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, उद्योग वाणिज्य संघ थाहानगरका महासचिव सुरेन्द्रमान प्रधान, नेपाली कांग्रेस नगर उपसभापति नवराज कार्की, नेकपा माओवादी केन्द्रका नगर अध्यक्ष बिनोद कुमार लामा, नेकपा एमाले ४ न वडा कमिटी अध्यक्ष रामराजा केसी, किरातेश्वर जेष्ठ नागरिक मिलनकेन्द्रका निरन्जन अधिकारी, सिताराम दिवासेवा केन्द्रका अध्यक्ष ईश्वर कार्की, फरकसोचका संयोजक यादव रायमाझी, पुर्व जनप्रतिनिधि राजेश केसी, लगायतकाको आतिथ्यता रहेको थियो । समापन समारोहकै अवसर पारेर प्रशिक्षार्थी महिलाहरूलाई प्रमाणपत्र समेत प्रदान गरिए थियो भने प्रशिक्षकहरूलाई सम्मान गरिएको थियो ।

महिला भजन समुहलाई दामन बालुवा प्रसोधन केन्द्र किटेनीले २२ थान साडी, रघुराम केसीले गुन्यु चोली, नेपाली कांग्रेस ४ न वडा कमिटीले खैजडी राख्ने झोला र थाहानगर ४ नम्बर वडा कार्यालयले प्रमाणपत्र तथा व्यानर सहयोग गरेको थियो ।

## सामुदायिक वन उपभोक्ता महासंघ थाहानगरको अध्यक्षमा श्रेष्ठ

◆ विकास संवाददाता



सामुदायिक वन उपभोक्ता महासंघ स्थानीय महासंघको दोस्रो थाहानगर अधिवेशनले गणेशमान श्रेष्ठलाई थाहा नगर अध्यक्षमा निर्विरोध निर्वाचित गरेको छ । २० चैतमा थाहा नगर पालिकाको विकास घरमा भएको महासंघको अधिवेशनको श्रेष्ठलाई निर्विरोध अध्यक्ष चयन गरेको निर्वाचन समितिले जनाएको छ ।

अधिवेशनले उपाध्यक्षमा मन्जु केसी, सचिव भवानी प्रधान र कोषाध्यक्षमा सविता सुवेदीलाई पनि निर्विरोध निर्वाचित गरेको छ । स्थानीय उपभोक्ता महासंघ थाहानगरको ५४ सदस्यीय कार्यसमिति समेत चयन गरेको छ । नगर समितिको कामलाई थप प्रभावकारीता ल्याउन छिट्टै १३ जनाको सचिवालय गठन गरिने नवनिर्वाचित अध्यक्ष गणेशमान श्रेष्ठले जानकारी दिए ।

अधिवेशनकी प्रमुख अतिथी तथा सामुदायिक वन उपभोक्ता महासंघका केन्द्रिय अध्यक्ष भारती पाठकले सामुदायिक वनको अधिकारमाथि आघात पर्ने गरी सरकारले लगाएको तेहेरो कर खारेज गर्न आग्रह गरिन् । पाठकले सामुदायिक वनमाथि संघ सरकारले १०, स्थानीय सरकारले १० र प्रदेश सरकारले २५ प्रतिशत वन पैदावार शुल्क लगाएको र तीन तहकै सरकारले लगाएका कर हटाउन आग्रह गरिन् । संघीय वन ऐन तत्काल संशोधन गरी सामुदायिक वन उपभोक्ता समूहको अधिकार सुनिश्चित गर्न महासंघले सरकारसँग आग्रह गरेको उनको भनाइ थियो । सामुदायिक वन उपभोक्ता महासंघकी अध्यक्ष तथा बागमती प्रदेशका सांसद समेत रहेकी पाठकले संघीय वन नियमावली र प्रदेश वन ऐन संशोधन गरी वन सरक्षणकर्मीको अधिकार सुनिश्चित गर्न माग गरिन् । उनले तीन तहको करले गर्दा आम्दानी नहुने सामुदायिक वन मारमा परेको भन्दै घर मा पालेको वस्तुलाई घाँस काट्न कर तिर्नुपर्ने बाध्यताको अन्त हुनुपर्नेमा जोड दिइन् ।

कार्यक्रमका विशिष्ट अतिथि तथा थाहा नगरपालिकाका नगर उपप्रमुख भरत गोपालीले आगामी योजनामा वन तथा वातावरणमैत्री योजना ल्याउने प्रतिवद्धता व्यक्त गरे । सामुदायिक वनको संरक्षण गर्नुपर्ने भन्दै थाहा नगरपालिका वन तथा वातारणको विषयमा सकारात्मक भएको बताउदै नगरपालिकाले स्थानीय वन ऐन समेत पास गरिसकेको अवस्थामा सामुदायिक वनको संरक्षणमा स्थानीय सरकार सकरात्मक रहेको बताए ।

स्थानीय उपभोक्ता महासंघका अध्यक्ष शिवराम थापाको अध्यक्षतामा सम्पन्न अधिवेशन उद्घाटन समारोहमा वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्र रायमाझी, ५ नम्बर वडा अध्यक्ष बिष्णु बहादुर गुरूङ, थाहा नगरपालिकाका सामाजिक विकास अधिकृत अनिल लामिछाने, सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष सादुराम चौलागाईं, महासंघ मकवानपुरका बच्चुराम ढुंगाना, बलराम अधिकारी, शम्भु प्रसाद न्यौपाने, टिस्टुङ वनस्पति उद्यानका अरूण चौधरी, पर्वतीय वनस्पति उद्यान दामनकी सुस्मिता चौधरीलगायत थाहा नगरपालिका भित्र रहेका सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरूको उपस्थित रहेको थियो ।

## राक्सिराङको घुम्ती शिविरमा ६ हजार जनालाई सेवा

◆ विकास संवाददाता

मकवानपुर जिल्लाको विकट राक्सिराङ गाउँपालिकाले झण्डै एक महिने एकीकृत घुम्ती शिविर सञ्चालन गरी ६ हजार जनालाई सेवा दिएको छ । एकीकृत घुम्ती शिविर २९ फागुनबाट २२ चैतसम्म सञ्चालन भएको थियो । शिविरबाट करिब ६ हजार स्थानीयले विभिन्न सेवा प्राप्त गरेको गाउँपालिका अध्यक्ष राजकुमार मल्ले जानकारी दिए ।

गाउँपालिकाले वडा कार्यालयको सेवा लिनसमेत तीन घन्टासम्मको पैदलयात्रा गर्नुपर्ने बाध्यतामा रहेका स्थानीयलाई घरघरमै पुगेर स्थानीय तहले प्रदान गर्ने सेवा प्रदान गरेको थियो । आम-नागरिकलाई स्थानीय सरकारले सबै किसिमका सेवाको पहुँच वृद्धि गर्दै सरल र सहज सेवा दिने उद्देश्यले गाउँपालिकाले घरघरमै पुगी घुम्ती शिविरको आयोजना गरेको हो । पालिकाले घरघरमै पुगी बिरामी जाँचदेखि योजना अनुगमन र स्थलगत रूपमै भुक्तानीसम्मका सेवा प्रदान गरेको गाउँपालिकाका अध्यक्ष मल्लले बताए ।

'सेवा लिने सबैको अधिकार, घरघरमा स्थानीय सरकारु भन्ने नाराका साथ अभियान सञ्चालन गरेको मल्लले बताए । पालिकाको चार स्थानमा भएको छुट्टाछुट्टै शिविरमा करिब दुई हजार जनाले स्वास्थ्य जाँच र निःशुल्क औषधि पाएका थिए ।



विकास खबरपत्रिका साप्ताहिक
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७१५३३००
www.bikaskhabar.com
२०७९ चैत्र २७ गते सोमबार, 10 April, 2023, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



www.bikaskhabar.com
bikaskhabar@gmail.com



## • सम्पादकीय •

# जन्म दर्ताको सवाल: 'मामा हैन आमा'

एउटा भनाइ छ–'बोल्नेको पीठो बिक्छ तर नबोल्नेको चामल पनि बिक्दैन ।' नवजात शिशुलाई पनि आफूले चाहेको बेला आमाको दूध खान रुनु पर्छ । यही कुरा राजनीतिक सामाजिक आन्दोलन सर्वत्र लागु हुन्छ । जनअधिकारका मागहरु आवाजबाटै मुखरित भए । धेरैका आवाजहरु एक ठाउँमा आइपुग्दा राजनीतिक परिवर्तन सम्भव भयो । यस्ता सार्वजनिक अभिव्यक्तिले समाजमा एक किसिमले विचार निर्माण पनि गरिरहेका हुन्छन् । यही आवाज उठाउने क्रममा समाजमा रहेका विभेदहरु उजागर भइरहेका छन् । लैंगिक उत्पीडन, जातीय, वर्गीय उचनीच, भेदभाव र असमानता उजागर भइरहेका छन् । समाजमा व्याप्त विश्वास, अन्धविश्वास, संस्कृति, विकृतिलगायत सबै–सबै सार्वजनिक भइरहेका छन् । सरकारले गरेका कामकारवाहीमाथि आवाज उठिरहेको छ । तथ्य र यथार्थमा आधारित भएर आवाज उठाउने हो भने त्यसरी उठेका नागरिकका आवाज सरकारमा बस्नेहरुले पनि नसुनी सुख छैन । केही दिनअघि गृहमन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले जारी गरेको एकल आमाका सन्तानको बच्चाको जन्मदर्ता मावलीको थरबाट गर्ने परिपत्रको चौतर्फी विरोध भएपछि विभाग परिपत्र सच्याउन बाध्य भएको छ ।

एकल आमाका सन्तानको जन्मदर्ता मावलीको थरबाट गर्न परिपत्र गरेको चार दिनपछि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले एकल महिलाबाट जन्म भएका बच्चाको जन्म दिने आमाकै थर र ठेगानाबाट जन्मदर्ता गर्नेगरी नयाँ परिपत्र जारी गर्‍यो । यही चैत २२ गते मावलीको थरबाट जन्मदर्ता गर्नेगरी वडा तथा पञ्जिकाधिकारीलाई परिपत्र गरेकामा त्यसको विरोधमा सर्वत्र आवाज उठेपछि विभाग परिपत्र सच्याउन बाध्य हुनुपर्‍यो । नयाँ परिपत्र जारी गर्दै गर्दा विभागले बच्चाको जन्म दिने आमाको लैङ्गिक भूमिकालाई उच्च सम्मान गर्दै नेपालको संविधानको धारा ३९ को संरक्षण गर्दै प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हकका लागि परिपत्रमा थप स्पष्ट गरिएको जनाएको छ । विभागलाई संविधान र कानुनको व्यवस्था र मर्म सम्झाउन पनि नागरिकको दबाबको खाँचो पर्‍यो । नागरिकको आवाजकै कारण बालबालिकाको पहिचानको पहिलो अधिकार संरक्षण गर्नुपर्ने संवैधानिक दायित्व स्मरण भयो । यो परिपत्रपछि बाबु पत्ता नलागेको/खुलाउन नचाहेको/एकल आमाका सन्तानको जन्म दर्ता गर्दा आमाको थर र स्थायी ठेगाना राखी जन्म दर्ता गर्ने बाटो सहज भएको छ । परिपत्रमा नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको बच्चाको कुनै पनि परिवार नभएको प्रमाणित भएको बच्चा फेला परेमा हेरचाह गर्ने कानुनबमोजिमको संरक्षकले दिएको ठेगाना, नाम, थर राखी जन्म दर्ता गर्नुपर्ने उल्लेख छ ।

एकल आमाका बच्चाको जन्मदर्ता गर्न मामाको थर र स्थान खोजेको सरकारले आमाकै नाम थर र स्थानबाट जन्मदर्ता गर्न तयार भई सोही बमोजिम परिपत्र समेत गरिसकेको अवस्थाले यही पुष्टि गर्छ । हाम्रो संविधान र कानुनले दिएको अधिकारहरु नागरिकको जीवनसम्म पुर्‍याउने सन्दर्भमा पनि नागरिक तहको यस्तै निरन्तर खबरदारी भइरह्यो भने कार्यान्वयन तहमा लैजान सहज हुँदै जानेछ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | |
|---|---|
| विहान ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान ८:00 | बजे हेटौंडा (बस) |
| विहान ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५0७२३२२ र नरेन्द्र अधिकारी ९८५५0७0५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# विकास प्रशासन र स्थानीय सरकार



◆ हरिबोल काफ्ले

विकास प्रशासन सार्वजनिक प्रशासन अन्तर्गतको एउटा हाँगा हो । विकास प्रशासन छुट्टै नौलो विषय भने होइन । राज्य सञ्चालन गर्ने क्रममा परम्परागत प्रशासन कानुनी शासन कायम गर्दै राजश्व असुली गर्ने कार्यमा सीमित थियो । उक्त समयमा विकास प्रशासनका गतिविधिलाई खासै महत्व दिइएको थिएन । अहिलेको विश्वव्यापीकरणको युगमा प्रत्येक कल्याणकारी राज्यले भौतिक पूर्वाधार विकास निर्माण कार्यलाई प्रमुख स्थान दिएको देखिन्छ । यस्तो भौतिक पूर्वाधार विकास कार्यक्रमको तर्जुमा, स्वीकृति, बजेट व्यवस्था, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, कार्यसम्पन्न, विकास कार्यक्रमको प्रभावकारिता, जनअपेक्षाअनुरूपको नतिजा, समग्र कार्यक्रमको मूल्यांकन लगायतका विविध क्षेत्रमा गरिने प्रशासनलाई विकास प्रशासन भनिन्छ । विकास प्रशासनका मूर्धन्य विद्वान फ्रेड रिग्सले विकास प्रशासनको परिभाषा दिदै भन्छन्– 'विकास कार्यक्रमको लागि सञ्चालन गरिएको प्रशासन नै विकास प्रशासन हो, यो खासगरी ठूला संगठन त्यसमा पनि सरकारी संगठनले विकास निर्माणको उद्देश्य प्राप्तिका लागि व्यवहारमा ल्याइएको पद्धति हो ।' समग्रमा भन्नुपर्दा विकास प्रशासनले देशको विकास निर्माण पक्षलाई समाहित गरेको देखिन्छ ।

विकास प्रशासनको मुख्य उद्देश्य योजनाबद्ध विकास निर्माण कार्यक्रम सञ्चालन गर्ने हो । परम्परागत कार्यलाई समयसापेक्ष सुधारात्मक ढंगले अगाडि नबढाइकन विकासको कुनै पनि लक्ष्य हासिल गर्न सकिदैन । विकसित मुलुकको तुलनामा विकासोन्मुख राष्ट्रहरूले आर्थिक, सामाजिक, राजनीतिक, प्रशासनिक, सांस्कृतिक क्षेत्रमा देखिने विभिन्न समस्या पहिचान गरेका हुन्छन् । त्यस्ता देशका बहुसंख्यक जनतालाई दुई छाक खान, एकसरो कपडा लगाउन, सानो घरमा बस्न, विरामी हुँदा औषधोपचार गर्ने जस्ता न्यूनतम आधाभूत आवश्यकता पूर्ति गर्न समेत विभिन्न समस्यासँग जुध्नुपर्ने हुन्छ । यी आधारभूत आवश्यकता सहजतापूर्वक पूर्ति गर्नको लागि पनि विकास प्रशासन पूर्वशर्त मानिन्छ । योजनाको समयावधि अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन गरी तीन किसिमको हुनुपर्दछ । यही तथ्यलाई हृदयङ्गम गर्दै विकासोन्मुख राष्ट्रहरूले आवधिक योजनाबद्ध विकास कार्यक्रमलाई प्राथमिकता प्रदान गरेको देखिन्छ । विकास प्रशासनको मूल मर्म मान्यता योजना चाहिन्छ वा चाहिदैन भन्ने होइन, जनताले प्रस्ताव गरेका योजनाहरू सहीढंगले कार्यान्वयन के कसरी गर्न सकिन्छ भन्ने प्रश्न हो ।

विकासोन्मुख राष्ट्रले अवलम्बन गर्दै आएको विकास प्रशासन विशेषतः आर्थिक पक्षसँग जोडिएको हुन्छ । यसले जनताको प्रतिव्यक्ति आय बृद्धि गर्ने । कूल गार्हस्थ उत्पादन बृद्धि गर्ने । राष्ट्रिय उत्पादन बृद्धि गर्ने । गरिवी निवारण गर्ने विषयलाई प्राथमिकता प्रदान गर्दै कार्यक्रम तर्जुमा गर्दछ । कुनै पनि राष्ट्रमा रोजगारका अवसर सिर्जना नभएसम्म आम्दानी बृद्धि हुने प्रश्नै आउँदैन । आम्दानी नबढी बचत हुँदैन । बचत नहुँदा पूँजी कम भई लगानी हुन नसक्ने अवस्था सिर्जना हुन्छ । अन्ततोगत्वा रोजगारीको कुनै अवसर नमिल्ने राष्ट्र सधैं कालचक्रको भूमरीमा परिरहन्छ । त्यसैले आर्थिक उन्नति विकास प्रशासनको पूर्वशर्त मानिएको हो ।

देशको भौगोलिक अवस्था, सामाजिक बनोट, शिक्षाको स्तर, प्रभावकारी स्वास्थ्य सेवा, परिवार संख्या, जनताको प्रतिव्यक्ति आय, महिला, जनजाति, नवीनतम् प्रविधिको उच्चतम उपयोग, आधुनिकीकरण जस्ता पक्षहरूको मूल्यांकनबाट राष्ट्रको विकास पहिचान गर्न सकिन्छ । सनातन संस्कार, बहुजातीय समाज, धार्मिक मूल्यमान्यता, परम्परागत रीतिरिवाज, चाडपर्व, शैक्षिक वातावरणले विकास कार्यक्रममा प्रत्यक्ष प्रभाव पार्न सक्छ । अर्को शब्दमा भन्नु पर्दा सामाजिक उत्थान, संस्कार संस्कृतिको संरक्षण नभएसम्म देशको सर्वाङ्गीण विकासको अपेक्षा गर्नु कोरा कल्पना मात्र हुन्छ । त्यसैले विकास प्रशासनमा सामाजिक, सांस्कृतिक पक्षको अहं भूमिका रहन्छ ।

विकास प्रशासन प्रभावकारीरूपमा सञ्चालन गर्न राजनीतिक पक्षको महत्वपूर्ण भूमिका हुन्छ । बहुदलीय शासन व्यवस्था भएका देशमा जनताको बहुमत प्राप्त राजनीतिक दलले सरकार गठन गर्दछ । दोस्रो ठूलो राजनीतिक दल प्रतिपक्षमा बसेर रचनात्मक सल्लाह सुझाव दिदै सरकारलाई निरंकुश हुनबाट बचाउँदै सही बाटोमा डोर्‍याउने कार्य गर्नुपर्ने हुन्छ । यस्ता राष्ट्रहरूमा गरिने विकास निर्माण कार्यमा जनसहभागिता सहजै परिचालन गर्न सकिन्छ । सार्वभौमसत्तासम्पन्न जनतालाई विकास निर्माण कार्य गर्ने जिम्मेवारी सुम्पदै विकेन्द्रीकरणको सिद्धान्त अवलम्बन गर्ने वातावरण सिर्जना हुन्छ । राजनीतिक शास्त्रका पण्डितहरूले बहुदलीय शासन प्रणाली विकास प्रशासनको अभिन्न अंग हो भन्दै राजनीतिक पक्षलाई विकासको पूर्वाधारको रूपमा व्याख्या गरेको पनि पाइन्छ ।

दोस्रो विश्वयुद्धपश्चात सन् १९४५ देखि १९७५ सम्मको तीस वर्षमा विश्वले अतीतमा कहिल्यै गर्न नसकेको उल्लेख्य परिवर्तन गर्न सक्नुको प्रमुख कारक तत्व प्राविधिक पक्षलाई मानेको देखिन्छ । विश्वव्यापिकरणको वर्तमान युगले नवीनतम प्रविधिको उच्चतम उपयोग गर्ने कार्यलाई महत्वपूर्ण स्थान दिएको छ । वैज्ञानिकहरूको अथक प्रयासबाट कतिपय राष्ट्रले भौतिक पूर्वाधारको क्षेत्रमा कायापलट गरिसकेका छन् । सञ्चार क्षेत्रमा भएको उल्लेख्य परिवर्तनले विश्वलाई एउटा सानो कोठामा सीमित गर्न सफल भएको देखिन्छ । कम्प्युटर प्रणालीको विकासले कामकाजमा सहजता प्रदान गर्दै कार्य समयावधि बचाउन योगदान पुर्‍याएको छ । संक्षेपमा भन्नुपर्दा प्राविधिक पक्षको विकास प्रशासनलाई बलियो बनाउन महत्वपूर्ण भूमिका रहेको देखिन्छ ।

राष्ट्रले अंगीकार गरेका सबै पक्षको लक्ष्य अनुरूप प्रगति हासिल गर्ने कार्यमा प्रशासनिक तथा व्यवस्थापन पक्षको नेतृत्वदायी भूमिका हुन्छ । देशमा शान्ति सुरक्षा कायम गर्ने, उत्पादित वस्तु तथा सेवा बजारसम्म पुर्‍याउने, जनताको जीवनयापनमा आवश्यक पर्ने विविध सेवा सुविधा उपलब्ध गराउन प्रशासनिक पक्षको भूमिका अपरिहार्य हुन्छ । प्रशासन संयन्त्र कमजोर छ । आचरणविहीन भ्रष्ट छ । सार्वभौमसत्तासम्पन्न जनताप्रति जवाफदेही छैन । प्रशासनिक नेतृत्वले जनउत्तरदायी भूमिका निर्वाह गर्न सकेन भने सरकारले जस्तो लोकप्रिय कार्यक्रम तर्जुमा गरे पनि प्रभावकारीढंगले कार्यान्वयन हुन सक्दैन ।

नेपालको संविधानले संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार गरी तीन तहका सरकारको परिकल्पना गरेको देखिन्छ । सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको सबै भन्दा नजिक पहुँचको स्थानीय सरकार हो । स्थानीय सरकारलाई संविधानले २२ वटा विभिन्न विषयगत अधिकारको व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीभित्र १५ वटा विषयगत अधिकारको व्यवस्था गरिएको देखिन्छ । २०७४ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित स्थानीय सरकारको पदावधि सम्पन्न भई २०७९ वैशाखमा सम्पन्न दोस्रो निर्वाचनबाट निर्वाचित पदाधिकारीहरूको पनि एक वर्ष समयावधि पूरा भइसकेको छ ।

नेपालको संविधानले व्यवस्था गरेको अधिकार प्रभावकारीढंगले कार्यान्वयन गर्न गराउनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएको छ । स्थानीय सरकार सञ्चालन ऐनले गाउँपालिका, नगरपालिकालाई स्थानीय सरकारको रूपमा विकसित गर्न खोजेको देखिन्छ । सरकारका प्रमुख तीन अंगहरूमध्ये व्यवस्थापिकाको अधिकार प्रयोग गर्ने गाउँसभा र नगरसभा, कार्यपालिकाको अधिकार प्रयोग गर्ने गाउँकार्यपालिका र नगरकार्यपालिका तथा न्यायपालिकाको अधिकार प्रयोग गर्ने गाउँ न्यायिक समिति र नगर न्यायिक समिति गठन गर्ने व्यवस्था गरेको छ ।

नेपालको मूल कानुन संविधान, संघीय व्यवस्थापिकाले पारित गरेको संघीय ऐन, प्रदेशसभाले पारित गरेको प्रदेश ऐनसँग नबाझिनेगरी स्थानीय तहको सभाले ऐन निर्माण गर्दछ । उक्त ऐनको परिधिभित्र रहेर स्थानीय सरकारले आफ्ना गतिविधिहरू सञ्चालन गर्दछ । स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगतरूपमा मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने हुन्छ । स्थानीय सरकारले उक्त योजनाहरू आफ्नो नीति, कार्यक्रम तथा बजेटमा समावेश गरी स्थानीय तहको सभाबाट पारित गर्दछ । स्थानीय सरकारलाई संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र कम तथा स्थानीय सरकारको आफ्नै आन्तरिक राजश्व परिचालनबाट प्राप्त हुने रकम जम्मा गर्न स्थानीय सञ्चित कोष स्थापना गर्ने कानुनी व्यवस्था छ । प्रत्येक वर्ष असार १० गते उक्त कोषको रकमबाट खर्च गर्ने गरी कार्यक्रम तथा बजेट पारित गर्नुपर्ने हुन्छ । बजेटमा समावेश गरिएका कार्यक्रम कार्यान्यवन गर्ने अख्तियारी सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख र अध्यक्षले आ–आफ्नो तहका प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने कानुनी व्यवस्था

*बाँकी पृष्ठ ३ मा*

# मुख गन्हाउने १० कारण यस्तो छ रोकथामका उपाय

सास गन्हाउने समस्या किन हुन्छ ? यसको एउटा मात्र जवाफ छैन । मुखको दुर्गन्धको कारण दाँत तथा मुख मात्र हुँदैन, शरीरको अन्य समस्याको कारण पनि मुखबाट दुर्गन्ध आउने हुन्छ ।

१. यसको मुख्य कारण दाँतको बीचमा हुने 'ब्याक्टेरिया' कीटाणु हो । यदि सास गन्हाउने समस्यालाई समयमै ध्यान दिएन भने यो बढ्न सक्छ ।
२. दाँतको बीचमा जम्मा भएर बसेको फोहोर, जिब्रोको सरसफाइ राम्ररी नगर्दा र गिजाको समस्या आदि मुखको दुर्गन्धको कारण हो ।
३. मुखबाहेकको कारणमा साइनसको समस्याले पनि सास गन्हाउन सक्छ ।
४. फोक्सोको संक्रमण भएमा पनि मुखबाट गन्ध आउने गर्छ ।
५. कलेजोको संक्रमण भएको खण्डमा यसले राम्ररी काम नगर्दा अपचको समस्या उत्पन्न हुने गर्छ । जसकारण मुख तथा सासबाट गन्ध आउने हुन्छ ।
६. ग्यास्ट्रिक तथा पेटको समस्याले पनि मुखबाट दुर्गन्ध आउन सक्छ ।
८. मधुमेहका कारण शरीरमा मेटाबोलिक परिवर्तन देखा पर्न थाल्छ । जसकारण मुख गन्हाउन थाल्छ ।
९. मिर्गौलाको समस्याले शरीरमा मेटाबोलिक परिवर्तन देखापर्छ । जसले गर्दा शरीरमा मुख सुख्खा हुने समस्या आउने गर्छ, जसकारण मुखबाट गन्ध आउने गर्छ ।
१०. लामो समयसम्म चुरोट र खैनीको सेवन गर्ने मानिसहरूमा मुखको क्यान्सर हुने सम्भावना अधिक रहन्छ । यस्तोमा उनीहरूको मुखबाट नराम्रो गन्ध आउने गर्छ ।

### मुखबाट निस्किने गन्ध पनि फरक-फरक हुन्छ ?

मुखबाट निस्किने दुर्गन्ध पनि दुई प्रकारको हुन्छ, आफूलाई महसुस हुने र अरूलाई महसुस हुने । कसैमा माछा गन्हाएको जस्तो दुर्गन्ध आउँछ भने कसैमा एसिडिक दुर्गन्ध महसुस हुन्छ । मुख र दाँत सफा हुँदा पनि कतिपयको मुखमा गन्ध आउने समस्या हुन्छ । त्यो गन्ध अन्य स्वास्थ्य समस्या जस्तै साइनसको समस्या, मिर्गौलाको समस्या, पेटको समस्या र मधुमेहको समस्याका कारण पनि आएको हुन सक्छ ।

### दाँत तथा गिजामा कस्तो समस्या हुँदा गन्ध आउँछ ?

सही तरीकाले दाँत नमाझेको खण्डमा दाँतमा ब्याक्टेरिया जम्मा हुन थाल्छ । जसकारण मुखमा संक्रमण भई मुखबाट गन्ध आउने गर्छ । गिजाको समस्याका कारण पेरिओडोन्टिक नामक रोग लाग्ने गर्छ । जुन मुख गन्हाउने समस्याको कारण बन्न सक्छ ।

### यस्तो गन्धलाई कसरी रोक्ने ?

मुखबाट दुर्गन्ध आउने धेरैजसो मुखकै समस्याका कारण भएकाले यसलाई रोक्न बिहान र बेलुका दिनमा दुई पटक नछुटाई राम्रोसँग दाँत माझ्ने । दाँतको बीचमा भएका खाली ठाउँमा विभिन्न खानेकुरा अड्किन्छ । ती कुरा त्यहाँ नकुहियोस् र दुर्गन्ध नबढोस् भनेर राम्रोसँग ब्रस गर्नुपर्छ ।

जिब्रोलाई जिब्री वा ब्रसले दिनहुँ सफा गर्दा मुख गन्हाउने समस्या कम हुन्छ । दाँतमा अड्किएको खाना ब्रस गर्दा मात्र ननिस्कन सक्छ, त्यसैले दाँतलाई फ्लस पनि गर्नुपर्छ । हरेक पटक खाना खाएपछि मुख राम्ररी कुल्ला गर्नुपर्छ । मुखको सर सफाइमा ध्यान दिंदा पनि मुखबाट दुर्गन्ध आइरहन्छ भने अन्य कारण पत्ता लगाएर उपचार गर्नुपर्छ ।

कसैमा मुखको दुर्गन्ध अत्यधिक छ भने त्यो दुर्गन्ध कम गर्न माउथ फ्रेसर, माउथ वास प्रयोग गर्न सकिन्छ । तर यो समस्याको समाधान भने होइन । दाँतलाई राम्ररी सफा गरिसकेपछि मात्र माउथ वासको प्रयोग गर्ने हो । मुखको दुर्गन्ध विभिन्न कारण हुने हुँदा कारण पत्ता लगाएर उपचार गर्नुपर्छ । उपचार गरिएन माउथ फ्रेसरले कुल्ला मात्र गरि यो भने समस्या समाधान हुँदैन समस्या दोहोरिन सक्छ तथा बढ्न पनि सक्छ ।

---

## विकास प्रशासन ...

छ । यसैगरी आफूले अख्तियारी पाएको पन्ध्र दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित महाशाखा वा शाखा प्रमुख र वडा सचिवलाई कार्यक्रम र बजेट सहित प्रचलित कानुन बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने हुन्छ ।

स्थानीय सरकारले विकास आयोजना तर्जुमा गर्दा स्थानीयवासीको इच्छा, आकांक्षा, भावना, चाहना र आवश्यकतालाई मध्यनजर राख्दै समानुपातिक बजेट वितरण प्रणाली होइन, समानुपातिक विकास निर्माण कार्यलाई सर्वोपरी स्थान दिनु लोकतन्त्रको मूल्य मान्यता हो । लोकतान्त्रिक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धि हासिल गर्ने कार्यक्रम तथा बजेट पारित गर्न सकियो भने मात्र सिंहदरवारको अधिकार गाउँगाउँमा भन्ने नाराले सार्थकता पाउनेछ भन्दा अत्युक्ति नहोला ।

(लेखक नेपाल सरकारका सेवानिबृत्त उपसचिव हुन् ।)

# मिर्गौला खराब हुनुअघि कस्तो लक्षण देखिन्छ ?

मिर्गौलाले शरीरका विकारयुक्त कुरा फाल्ने काम गर्छ । रगतमा हुने विषाक्त पदार्थलाई फिल्टर गर्ने, पानीको सन्तुलन मिलाउने, रातो रक्तकोष बनाउन चाहिने हर्मन उत्पादन गर्ने, ग्लुकोजको व्यवस्थापन गर्नेलगायत काम मिर्गौलाले गर्छ ।

तर जब मिर्गौलाले यो काम राम्रोसँग गर्न सक्दैन, तब शरीरमा धेरै किसिमका समस्या आउन थाल्छन् । मिर्गौला कमजोर भएका लक्षण धेरै कडा नहुने भएकाले धेरै जना मिर्गौला खराब भएपछि मात्र अस्पताल पुग्छन् ।

### मिर्गौला कमजोर हुँदै गएको लक्षण

मिर्गौलामा समस्या हुँदा शरीरमा विषाक्त पदार्थ र फोहोरको सञ्चयले खानमा रूचि नहुने हुन्छ । मिर्गौलाले शरीरबाट फोहोर र अतिरिक्त सोडियम फिल्टर गर्न मद्दत गर्छ । जब मिर्गौलाले राम्रोसँग काम गर्न छोड्छ । जसले सोडियम शरीरमा जम्मा हुन थाल्छ र खुट्टा तथा शरीर सुन्निने हुन्छ । मिर्गौला कमजोर भएका व्यक्तिमा देखिने अर्को लक्षण शरीर कमजोर र आलस्य हुने हो ।

कमजोरी र थकान महसुस हुनु मिर्गौला समस्याको प्रारम्भिक लक्षण हो । मिर्गौला रोग बढ्दै जाँदा, पहिले भन्दा कमजोर र धेरै थकित महसुस हुन थाल्छ । मिर्गौलामा विषाक्त पदार्थ सञ्चयका कारण कमजोर र थकान महसुस हुने हुन्छ ।

सामान्य व्यक्तिलाई दैनिक ६ देखि १० पटक पिसाब लाग्छ । यो भन्दा धेरै पटक पिसाब गर्नु मिर्गौलामा समस्या भएको संकेत हो । मिर्गौलाको समस्या भएमा, व्यक्तिलाई धेरै कम वा धेरै पटक पिसाब लाग्छ । पिसाबमा धेरै फिंज आउने र रगत देखा पर्ने पनि हुन्छ । मिर्गौला खराब हुँदा देखिने अन्य लक्षणमा वाकवाक लाग्ने, सास फेर्न असहज हुने, पेट दुख्ने, निद्रा नलाग्ने, हातगोडा सुन्निने र झम्झमाउने, सास गन्हाउने, रगतको कमी, जिब्रोको स्वाद बदलिने शरीरको ऊर्जा नभएको महसुस हुने, ढाड दुख्ने, मुख सुन्निने हुन् । बिरामीको देखा परेको शारीरिक परिवर्तन हेरेर तथा बिरामीसँग कुरा गरेर यीमाथिका लक्षण देखिएको छ भने मिर्गौलाको समस्या हो कि होइन भनेर थाहा पाउन सकिन्छ । मधुमेह तथा उच्च रक्तचाप भएको व्यक्तिमा मिर्गौलाको समस्या बढी देखिने भएकाले उनीहरूले विशेष ध्यान दिनुपर्छ ।

### मिर्गौला खराब भएको थाहा पाउने तरिका

ब्लड प्रेसर बढेको छ, खुट्टा सुन्निएको छ, पिसाबमा फिंज आएको छ, पिसाबको रंग परिवर्तन भएको छ, रगत देखा परेको छ भने मिर्गौला खराब भएको छ कि भनेर शंका गर्नुपर्ने हुन्छ ।

पिसाबमा प्रोटिन गएको छैन भने मिर्गौलासम्बन्धी रोग लागेको हुन सक्छ । त्यसैले पिसाबसम्बन्धी समस्या छ भने मिर्गौलारोग विशेषज्ञसँग परामर्श लिनुपर्छ । मिर्गौलामा खराबी छ कि छैन भनेर रगतमा क्रियाटिनिनको मात्रा परीक्षण गर्न सकिन्छ ।

यदि रगतमा क्रियाटिनिनको मात्रा बढेको छ भने मिर्गौला बिग्रिन सुरु भएको संकेत हुन सक्छ । यस्तै अल्ट्रासाउन्ड तथा पिसाबको जाँच गरेर पनि मिर्गौला बिग्रिएको छ कि छैन पत्ता लगाउन सकिन्छ ।

### मिर्गौला कमजोर भएमा उपचार

केही व्यक्तिमा विभिन्न कारणले दीर्घकालीन रूपमा मिर्गौला खराब हुन्छ भने कसैमा भने एक्कासि मिर्गौला खराब हुन सक्छ । मिर्गौलाको समस्या देखा परेमा सुरूमा त अस्पताल गएर कुन अवस्थामा छ भनेर जाँच गर्नुपर्छ । मिर्गौलाको समस्या सुरूकै अवस्थामा पत्ता लाग्यो भने औषधि खाएर नै ठीक हुन्छ । खराब हुँदै गएको मिर्गौलालाई पहिचान गरेर उपचार गरिएन भने हरेक वर्ष १० प्रतिशतले बिग्रिंदै जान्छ । तर उपचार गरियो भने बिग्रिने क्रमलाई घटाएर दुईदेखि तीन प्रतिशतमा झार्न सकिन्छ ।

मिर्गौला खराब हुँदा पाँच चरण हुन्छन् । चौथो चरणसम्मका बिरामीलाई औषधिले नै ठीक हुन्छ । पहिलो चरणमा छ भने दोस्रोमा जान नदिने दोस्रोमा भए तेस्रोमा जान नदिने गर्दै औषधिले रोक्दै रोक्दै जान्छ । त्यसपछि औषधि नियमित खानुपर्छ । तर अन्तिम अर्थात् पाँचौं चरणमा भने डायलाइसिस र मिर्गौला प्रत्यारोपण मात्र विकल्प हुन्छ ।

### मिर्गौला स्वस्थ राख्न के गर्ने ?

मिर्गौलाको समस्या प्रायः मधुमेह र उच्च रक्तचापका कारण देखिन्छ । त्यसैले यस्तो दीर्घकालीन स्वास्थ्य समस्यालाई नियन्त्रणमा राखेर मिर्गौलालाई स्वस्थ राख्न सकिन्छ । जथाभावी पेनकिलर तथा औषधि खाँदा मिर्गौलामा समस्या आउन सक्छ । त्यसैले जथाभावी औषधि नखाएर पनि मिर्गौला स्वास्थ राख्न सकिन्छ ।

कुनै वंशाणुगत रोगको जोखिम छ भने त्यसलाई पहिचान गर्ने मिर्गौलामा हुने नेफ्राइटिस, मिर्गौला संक्रमण र पत्थरी भएमा, प्रोस्टेटको समस्या भएर पिसाब रोकिने समस्या भएमा तुरून्त उपचार गर्नुपर्छ ।

मिर्गौला स्वस्थ राख्न स्वस्थ जीवनयापन जरूरी हुन्छ । यसको लागि सही खानपान, सही दिनचर्या, सही मानसिक स्थिति हुनुपर्छ । ताजा, पोषिलो र सन्तुलित खाना खाने, नियमित व्यायाम गर्ने, योग गर्ने गर्नुपर्छ ।






# 'प्रदेश सरकार टुक्रे योजना नबनाऊ'-स्थानीय तह

◆ विकास संवाददाता

मकवानपुरका स्थानीय तहहरूले साना र टुक्रे आयोजनामा बजेट विनियोजन नगर्न बागमती प्रदेश सरकारलाई सुझाव दिएका छन् । स्थानीय तहका प्रमुख/उपप्रमुखसहितको २४ चैतमा बसेको समन्वय बैठकले प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा साना र टुक्रे आयोजनामा बजेट खर्च नगर्न सुझाव दिएका छन् ।

जिल्ला समन्वय समिति मकवानपुरको आयोजनामा भएको स्थानीय तह समन्वय बैठकमा स्थानीय तहहरूले प्रदेश सरकारले साना र टुक्रे आयोजनामा बजेट खर्च गर्न नहुने बताएका छन् । साना तथा टुक्रे आयोजनाको विकल्पमा ठूला र धेरै लाभ दिने परियोजनाको विकासलाई प्रमुख प्राथमिकता दिनुपर्ने उहाँहरूको भनाई छ । टुक्रे र साना आयोजनामा स्थानीय तह आँफैले पनि खर्च गर्न सक्ने हुँदा प्रदेश सरकारले प्रत्येक स्थानीय तहको गौरबको आयोजना कार्यान्वयन हुने गरि बजेट बिनियोजन गर्नुपर्ने बताएका छन् । बैठकले प्रदेश सरकारलाई एक करोड घटिको आयोजना निर्माण नगर्न सुझाव दिने निर्णय गरेको जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलानले जानकारी दिए ।



त्यस्तै बैठकमा सहभागी प्रमुख/उपप्रमुखहरूले समयमै आयोजना कार्यान्वयन हुने र पालिकाको दायित्व बोध हुने गरि उपभोक्ता समितिको सम्झौताको प्रकृया पालिकास्तरबाट हुनुपर्ने, पालिका सदरमुकाम जोड्ने सडक निर्माणलाई प्राथमिक्ता दिनुपर्ने, एउटै आयोजनामा दोहोरो बजेट विनियोजन हुने समस्या समाधान गर्नुपर्ने कुरामा प्रदेश सरकारले ध्यान दिनुपर्ने सुझाव दिने निर्णय गरेको प्रमुख घलानले बताए ।

त्यस्तै स्थानीय तहहरूले प्रदेश र संघ सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदानबाट प्राप्त बजेट सार्वजनीक खरिद प्रकृया मार्फत खर्च भई बाँकी हुन आउने रकम पुन खर्च गर्न पाउने गरि ऐन निर्माण गर्न प्रदेश तथा संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरेको प्रमुख घलानले बताए । पुँजीगत खर्च बृद्धिका लागि पनि प्रदेश र संघीय सरकारले वित्तिय समानीकरण बजेट पुन खर्च गर्न पाउने गरि नीति निर्माण गर्नुपर्ने उनीहरूको भनाई थियो । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलानको अध्यक्षतामा बसेको बैठकमा जिल्लाका स्थानीय तहका प्रमुख/उपप्रमुखहरूको सहभागिता थियो ।

# थाहानगरको ९ नम्बर वडामा निःशुल्क पशु स्वास्थ्य शिविर, किसानहरुमा खुशी

◆ विकास संवाददाता



मकवानपुर थाहा नगरपालिका पशु विकास शाखाको आयोजनामा पशुवस्तुका लागि निःशुल्क स्वास्थ्य शिविर भएको छ । थाहा नगरपालिका वडा नम्बर ९ मा १९ चैतमा भएको शिविरमा १ सय १४ परिवार किसानले पालेको १ हजार ९ सय ७० पशुवस्तुको परीक्षण तथा औषधि वितरण गरिएको हो ।

शिविरमा ३७ वटा भैसी, गाई ३३, बाखा ९ सय ६०, बंगुर ८, कुकुर ४५, कुखुरा ८ सय ८७ वटाको निःशुल्क स्वास्थ्य परीक्षण र आवश्यक औषधि समेत वितरण गरिएको पशु स्वास्थ्य प्राविधिक मनिषा मगरले जानकारी दिइन् । किसानहरूले पालेको पशुपंक्षी शिविरमा स्वास्थ्य परीक्षण र उपचारका लागि ल्याएका थिए । वडा नम्बर ९ को नारायणहिटीमा भएको शिविरमा ल्याएका पशुपंक्षीको प्राविधिकहरू राघवेन्द्र मिश्र, मनिषा मगर, विज्ञान भट्टराई, प्रकाश पाखिन र नुतन मिश्रले स्वास्थ्य परीक्षण गरेका थिए ।

यस किसिमको शिवर अन्य वडामा पनि आयोजना गरिने पशु विकास अधिकृत राघवेन्द्र मिश्रले जानकारी दिए । घर छेवैमा नगरपालिकाले पशुवस्तुहरूका लागि शिविर आयोजना भएकोमा स्थानीय किसानहरू खुशी भएका थिए ।




# शिविरमा १ हजार ९५३ पशुवस्तुको निःशुल्क उपचार

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका पशु विकास शाखाको आयोजनामा पशुवस्तुका लागि वडा नम्बर ५ मा दुई स्थानमा निःशुल्क स्वास्थ्य शिविर भएको छ । ५ नम्बर वडाको चौतारा र पिङडाँडामा शिविर भएको हो ।

दुई स्थानमा भएको शिविरमा गाई गोरू ५७, भैसीराँगा १११, बोका बाखा ११४४, बंगुर २२, कुकुर ४१, कुखुरा ५७८ वटाको निःशुल्क स्वास्थ्य परीक्षण र आवश्यक औषधि समेत वितरण गरि एको पशु स्वास्थ्य प्राविधिक मनिषा मगर ले जानकारी दिइन् । किसानहरूले पालेको पशुपंक्षी शिविरमा स्वास्थ्य परीक्षण र उपचारका लागि ल्याएका थिए । वडा नम्बर ५ को दुई स्थानमा भएको शिविरमा ल्याएका पशुपंक्षीको प्राविधिकहरू राघवेन्द्र मिश्र, विकेश कार्की, रूपेश कुमार मिश्र, श्रीराम गार्तौला र प्रकाश पाखिनले स्वास्थ्य परीक्षण गरेका थिए ।

यस किसिमको शिवर अन्य वडामा पनि आयोजना गरिने पशु विकास अधिकृत राघवेन्द्र मिश्रले जानकारी दिए । घर छेवैमा नगरपालिकाले पशुवस्तुहरूका लागि शिविर आयोजना भएकोमा स्थानीय किसानहरू खुशी भएका थिए ।

# थाहानगरमा ३० चैतमा महिला र पुरुष दौड प्रतियोगिता हुने

◆ विकास संवाददाता

'स्वास्थ्य मुटुका लागि दौड' भन्ने नाराका साथ थाहा नगरपालिका नगर खेलकुद विकास समितिको आयोजनामा ३० चैतमा महिला तथा पुरुष खुल्ला दौड प्रतियोगिता हुने भएको छ । प्रतियोगितामा सहभागी हुन नगरपालिकाले २३ चैतमा सूचना प्रकाशन गरेको छ ।

प्रतियोगिता अन्तर्गत महिलातर्फ ३ किलोमीटर र पुरुष तर्फ ५ किलोमिटर दुरीमा दौड हुने थाहा नगरपालिकाका सामाजिक विकास अधिकृत अनिल लामिछानेले जानकारी दिए । प्रतियोगितामा प्रथम हुनेले नगद १२ हजार, दोस्रो हुनेले ८ हजार र तेस्रो हुनेले ५ हजार शिल्ड, मेडल तथा प्रमाणपत्र पुरस्कार पाउने लामिछानेले जानकारी दिए ।

प्रतियोगितामा सहभागी हुनको लागि थाहा नगरपालिकाको स्थायी बासी हुनुपर्ने, जुनसुकै उमेर समूहको भएपनि सहभागी हुन पाउने, सहभागी हुन निवेदन र नागरिकता वा जन्म र ठेगाना खुल्ने कागजात सहित पेस गर्नुपर्ने शर्तहरू



रहेको छ । सहभागी हुनको लागि ३ सय रूपियाँ तिरेर निवेदन दिनुपर्ने र सो बापत आयोजकको तर्फबाट सहभागीलाई टिसर्ट प्रदान गरिने सूचनामा उल्लेख छ ।

आयोजकले प्रतियोगितामा प्राथमिक उपचार मात्र व्यवस्था गर्ने र इच्छुकले २८ चैतसम्म निवेदन दर्ता गराइसक्नु पर्नेछ । थप जानकारीका लागि थाहानगर खेलकुद विकास समितिका सदस्य यादवजंग रायमाझी र सदस्य सचिव अनिल लामिछानेलाई सम्पर्क गरी बुझ्न सकिने छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# थाहानगरको १२ नम्बर वडाको दुई स्थानमा नि:शुल्क पशु स्वास्थ्य शिविर



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका पशु विकास शाखाको आयोजनामा पशुवस्तुका लागि वडा नम्बर १२ मा दुई स्थानमा नि:शुल्क स्वास्थ्य शिविर भएको छ। १२ नम्बर वडाको तारूका र आलमपुरमा शिविर भएको हो ।

दुई स्थानमा भएको शिविरमा बाख्रा २ हजार १०६, गाई २४, भैसी २९, कुकुर २० र कुखुरा १ हजार १५३ वटाको नि:शुल्क स्वास्थ्य परीक्षण र आवश्यक औषधि समेत वितरण गरिएको पशु स्वास्थ्य प्राविधिक मनिषा मगरले जानकारी दिइन् । किसानहरूले पालेको पशुपंक्षी शिविरमा स्वास्थ्य परीक्षण र उपचारका लागि ल्याएका थिए । वडा नम्बर १२ दुई स्थानमा भएको शिविरमा ल्याएका पशुपंक्षीको प्राविधिकहरू राघवेन्द्र मिश्र, मनिषा मगर, विज्ञान भट्टराई, नुतन कुमारी मिश्र, विकेश कार्की र ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता राजेन्द्र भक्त श्रेष्ठले स्वास्थ्य परीक्षण गरेका थिए ।

यस किसिमको शिवर अन्य वडामा पनि आयोजना गरिने पशु विकास अधिकृत राघवेन्द्र मिश्रले जानकारी दिए । घर छेवैमा नगरपालिकाले पशुवस्तुहरूका लागि शिविर आयोजना भएकोमा स्थानीय किसानहरू खुशी भएका थिए ।

# सहकारी दिवसमा थाहानगरमा वृहत छलफल कार्यक्रम

◆ विकास संवाददाता

थाहानगरको पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको आयोजनामा संस्थाको सभाहलमा ६६ औं सहकारी दिवसको अवसरमा छलफल कार्यक्रम भएको छ । थाहानगरमा रहेका सहकारीहरूबीच छलफल कार्यक्रम भएको हो ।

'सहकारीको दिगोपनः स्वनियमन र सुशासन' भन्ने नाराको साथमा कार्यक्रम भएको हो । छलफलमा सहकारीका समसामयिक मुद्दाहरूको विषयमा छलफल भएको थियो। विश्वव्यापी आर्थिक मन्दीको प्रभावले विगत लामो समयदेखि नेपालमा पनि उद्योग व्यवसायहरूको कारोबारमा संकुचन, बैंक, वित्तिय संस्था तथा सहकारी क्षेत्रमा तरलताको अभाव, चर्को मूल्यवृद्धि लगायतका कारणले नागरिकहरू मर्माहत भएको कार्यक्रमका सहभागीहरूले बताए। वर्तमान संकटमा समेत कति पनि विचलित नभई सहकारीमा सदस्यको बचतको सुरक्षाका लागि जिम्मेवार र प्रतिबद्ध हुने गरि नगर भित्र रहेका सम्पूर्ण सहकारीकर्मीहरूको एउटै आवाज बन्नु पर्ने पालुङ ,बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष तथा वरिस्ठ चार्टर एकाउन्टेन्ट उमेश ढकालले बताए ।




कार्यक्रममा ढकालले सहकारीकर्मीहरूले सहकारीलाई पार्ट टाइम समय दिने गरेकोले पनि समस्या रहेको बताउदै सहकारीको स्वनियम र सुशासनलाई आत्मसात गरि संचालन गरेमा मात्र दिगोपना हुने बताए। उनले लघुवित्तमा देखियको राष्ट्रिय समस्यालाई सहकारीमा जोड्न नमिल्ने तर्क गरे । ढकालले सहकारीहरूले राष्ट्र बैंकको सुचकलाई मानी संचालकहरूलाई ऋण प्रवाह गर्न नहुने धारणा राखे ।

छलफल कार्यक्रममा शिखर बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष मनोज रायमाझीले सहकारीको स्वनियमको लागि नियमक निकाय स्थानीय तहलाई नियमन गर्ने अधिकार दिए । उपयुक्त हुने धारणा राखे । सो अवसरमा "वर्तमान अवस्थामा सहकारी संचालनको अवसर र चुनौती "विषयक कार्यपत्र प्रस्तुत गर्दै नेपालमा सहकारीको अवस्था र यसका अवसरहरूको बारेमा छलफल भएको थियो ।

थाहानगर भित्र रहेका सहकारी संस्थाका अध्यक्ष, व्यवस्थापक तथा संचालक समिती सदस्यहरूको सहभागिता रहेको छलफल कार्यक्रममा सहभागीहरूले थाहा नगरपालिका भित्र रहेका सहकारीहरूको संजाल गठन गर्नुपर्ने बताए । कार्यक्रममा नगरका सहकारीहरूबीच एक आपसमा वित्तिय सुचना आदानप्रदान गर्दै सहकारीमा आवद्ध संचालक समिती र सदस्यहरूले आचारसंहिता बनाइ आफै स्वनियन्त्रीतभै जथाभावी कर्जा प्रवाहमा अंकुस लगाउनुपर्नेमा जोड दिएका थिए। वि.सं. २०१३ साल चैत्र २० गते चितवनमा बखानपुर ऋण सहकारी समिति स्थापना भएको दिनलाई स्मरण गर्दै नेपालको सहकारी अभियानले उक्त दिन विविध कार्यक्रम गरी सहकारी दिवस मनाउने गरिएको छ ।

# थाहानगर ४ नम्बर वडाले 'बुहारी छावृत्ति' वितरण गर्ने




◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ४ ले वडाका ५ जना बुहारी विद्यार्थीलाई छात्रवृत्ति दिने भएको छ । छात्रवृत्ति वितरणका लागि २१ चैतमा कार्यवहाक वडाध्यक्ष चन्द्रमायाँ थिङले सूचना प्रकाशन गरेकी छन् ।

सूचना अनुसार आर्थिक रूपले विपन्न तथा जेहेन्दार बुहारी विद्यार्थीले वडा कार्यालयमा निवेदन दिनूपर्नेछ । वडा कार्यालयको २० चैतको बैठकबाट भएको निर्णय अनुसार सूचना प्रकाशन गरिएको वडा सचिव पाल्साङ लामाले जानकारी दिए । सूचनाको म्याद १५ दिन रहेको सचिव लामाले जानकारी दिए। ४ नम्बर वडाभित्र बसोबास गर्ने गरिब बिपन्न तथा जेहन्दार बुहारीका लागि दश जोड दुई र स्थानतक तह अध्ययन गर्न चाहनेका लागि छात्रवत्ती दिइने वडाध्यक्ष नारायण लामाले जानकारी दिए ।

छात्रवृत्तिका लागि निवेदन दिँदा नेपाली नागरिकताको प्रतिलिपी ४ नम्बर वडामा विवाह भई आएको विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक संस्थाको सिफारिस र शैक्षिक प्रमाणपत्र पेश गर्नुपर्ने वडा कार्यालयद्वारा प्रकाशित सूचनामा उल्लेख छ ।

# पालुङ प्रहरीद्वारा १०८ किलो गाँजा जलाएर नष्ट

◆ विकास संवाददाता

इलाका प्रहरी कार्यालय पालुङले १५ दिन अघि बरामद गरेको १०८ किलो गाँजा २३ चैतमा जलाएर नष्ट गरेको छ । प्रहरीले जनप्रतिनिधि र सञ्चार कर्मीहरूको रोहवरमा इन्द्रायणी चौरको खोला किनारमा जलाएर नष्ट गरेको हो ।

पालुङ प्रहरीले चैत्र ८ गते सुराकीको आधारमा थाहा ८ आग्राका लालबहादुर घलान र शेरबहादुर घलानको घरमा लुकाइछिपाइ राखेको अवस्थामा सो परिमाणमा गाँजा बरामद गरेको हो। प्रहरीले लालबहादुर घलानलाई लागूऔषधको कसुरमा मुद्दा चलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखेर अनुसन्धान गरिरहेको छभने शेरबहादुर घलान फरार छन् ।

फरार घलानको खोजी कार्य भइरहेको इप्रका पालुङका प्रहरी निरीक्षक दुर्गा खनालले बताए ।


# ल्यायम्ह पुचः मकवानपुरको अध्यक्षमा प्रधान निर्वाचित

◆ विकास संवाददाता

ल्यायम्ह पुचः मकवानपुर शाखाको अध्यक्षमा सुबिन्द्रमान प्रधान निर्विरोध निर्वाचित भएका छन्। ११ चैत्रमा जेसीज हलमा सम्पन्न २८ औं साधारणसभाले प्रधानलगायत कार्यसमिति निर्विरोध निर्वाचित गरेको हो। शाखाको उपाध्यक्षमा सुरेन्द्र श्रेष्ठ, सचिव मोहनदाश श्रेष्ठ, कोषाध्यक्ष अञ्जय प्रधान, सह-सचिव सुरेश श्रेष्ठ र सदस्यहरूमा नबिन्द्र प्रधान, आदर्श श्रेष्ठ, निराजन प्रधान र रोहित श्रेष्ठ निर्विरोध निर्वाचित भएको निर्वाचन अधिकृत भूमिराज अवस्थीले जानकारी दिए ।

मोहनमान श्रेष्ठको अध्यक्षतामा सम्पन्न साधारणसभाको अवसरमा प्रमुख अतिथि थाहानगर उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान प्रधानले थाहामा २०५० सालको बाढीपहिरोले निम्त्याएको संकट पछि ल्यायम्ह पुचःको जन्म भएको स्मरण गर्दै समुदायलाई परिवर्तन गर्न सकिने कार्यक्रमहरू सञ्चालन गर्न सुझाव दिए। कार्यक्रममा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपाली, पालुङ जेसीजका पूर्व अध्यक्ष मनोज रायमाझी, पुचःका केन्द्रीय कोषाध्यक्ष जर्म श्रेष्ठ, केन्द्रीय सदस्य भूमिराज अवस्थीलगायतले शुभकामना व्यक्त गरे ।

साधारणसभाले पालुङ जेसीजसंग सहकार्य गरेर युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा अन्तरक्रिया गरेको छ । पुचःले थाहा १ ओखरबजारमा सञ्चालित नि:शुल्क एम्बुलेन्स सेवाको स्वामित्व र जिम्मेवारी लिने सम्बन्धमा समेत छलफल गरेको नवनिर्वाचित अध्यक्ष सुबिन्द्रमान प्रधानले बताए। वि.सं. २०५१ सालमा मकवानपुरमा शाखा विस्तार गरेको पुचःले थाहा १ को कालिका प्राविको विद्यालय भवन निर्माण, थाहा १ मै खाली डाडामा वृक्षारोपण गरि रमाइलो डाडा सामुदायिक वन उपभोक्ता समिति बनाइरहेको, विभिन्न पटक विषेशज्ञ सिविर सञ्चालन, खानेपानीमा सहयोग लगायतका कार्यहरू गर्दै आएको छ ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा
जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# थाहानगर प्रमुख विष्टले खानेपानी बोर्ड अध्यक्षको कार्यभार सम्हाले

◆ विकास संवाददाता

थाहानगर खानेपानी व्यवस्थापन बोर्डको नेतृत्व नगर प्रमुख विष्णु बहादुर विष्टले सम्हालेका छन् । थाहानगर खानेपानी व्यवस्थापन बोर्डको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा ९ बमोजिमको कार्यकारी समितिको अध्यक्ष पदको कार्यभार विष्टले सम्हालेका हुन् ।

ऐनको दफा ९ को (ख) र (ग) मा व्यवस्था भए बमोजिम क्रमशः पालिकाको वडा अध्यक्ष मध्येबाट नारायण लामा र कार्यपालिकाले आफू मध्येको महिला सदस्य मध्येबाट अनिता बललाई सदस्य पदका लागि थाहा नगर कार्यपालिकाको बैठकले निर्णय गरेको प्रवक्ता हेरमान गोपालीले जानकारी दिए । यस अघि तत्कालिन नगर प्रमुख लवशेर विष्टले खानेपानी व्यवस्थापन बोर्डको नेतृत्व गरेका थिए ।

१७ चैतमा सम्पन्न कार्यपालिका बैठकले निवर्तमान अध्यक्ष विष्टसहित बोर्डमा आवद्ध पदाअधिकारीहरूलाई उच्च प्रशंसासहित धन्यावद ज्ञापन समेत गरेको छ ।



ऐन बमोजिम सदस्यहरूमा भौगोलिक क्षेत्रको नगरपालिकाको प्रमुख प्रशासकीय अधिकतृ एक, भौगोलिक क्षेत्रका स्थानीय खानेपानी उपभाक्ता समितिहरू मध्यबाट समितिले मनोनयन गरको, एक महिला, भौगोलिक क्षेत्रका खानेपानी वा सरसफाई सवो क्षेत्रमा कायर्रत स्थानीय गैर सरकारी संस्थाहरूमध्यबाट समितिले मनोनयन गरेको एक महिला, खानेपानी तथा सर सफाई सवो क्षेत्रका विज्ञहरूमध्येबाट समितिले मनोनयन गरको एक जना हुनेछन् । बोर्डले आवश्यकता अनुसार सल्लाहकार चयन गर्न सक्ने ऐनमा व्यवस्था छ ।

# वडामा सेवाग्राहीलाई निःशुल्क फोटोकपी सेवा

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाको एउटा वडाले सेवाग्राहीका लागि कार्यालयमै फोटोकपी सेवा निःशुल्क दिने निर्णय गरेको छ । पालिकाको ११ नम्बर वडाले २६ चैतमा बैठक बसी यस्तो सेवाग्राही मैत्री निर्णय गरेको हो ।

वडामा आउने सेवाग्राहीहरूलाई सेवामा सरल पहुँच र सहज बनाउनको लागि वडाले यस्तो निर्णय लिएको वडाध्यक्ष दिनेश बलले जानकारी दिए । वडा समितिको बैठकको निर्णय नयाँ वर्ष २०८० संगै २ वैशाखबाट कार्यान्वयन हुने अध्यक्ष बलले जानकारी दिए ।

सेवाग्राहीलाई फोटोकपी गर्न बजार सम्म गइरहन झन्झटिलो र छिटोछरितो सेवा प्रवाह हुन नसक्ने भएकोले वडाले ग्राहक सेवामैत्री निर्णय गरेको वडाले जनाएको छ । १२ वटा वडा रहेको थाहा नगरपालिकाको ११ नम्बर वडाले पहिलो पटक आधिकारिक निर्णय नै गरेर निःशुल्क फोटोकपी सेवा कार्यान्वयनमा ल्याएको हो ।

# संघको कोषाध्यक्षमा पालुङ क्याम्पस प्रमुख मिश्र निर्वाचित

◆ विकास संवाददाता

नेपाल पब्लिक क्याम्पस संघको कोषाध्यक्षमा पालुङ बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख राजन मिश्र सर्वसम्मत निर्वाचित भएका छन् । सामुदायिक क्याम्पसहरूको छाता संस्था नेपाल पब्लिक क्याम्पस संघको काठमाण्डौंमा भएको १२ औं राष्ट्रिय अधिवेशनबाट क्याम्पस प्रमुख मिश्र कोषाध्यक्षमा सर्वसम्मत भएका हुन् । महाधिवेशन काठमाण्डौंमा २४ र २५ चैतमा भएको थियो ।

महाधिवेशनले शिक्षा क्याम्पस प्रमुख शत्रुघ्नप्रसाद गुप्ता अध्यक्षमा निर्वाचित भए भने उपाध्यक्षमा प्रदिप कुमार कटुवाल, लोकराज भण्डारी, धर्मदेव भट्ट, महासचिवः गोविन्द बहादुर कार्की, उपमहासचिवः नेत्र बहादुर न्यौपाने, टंक पौडेललगायत निर्वाचित भएका छन् । त्यसैगरी कोशी प्रदेश संयोजकमा टिकाराम गुरूङ, मधेस प्रदेश संयोजकमा किशोर कुमार साह, बागमती प्रदेश संयोजकमा शैलेन्द्र कुइकेल, गण्डकी प्रदेश संयोजक ऋषिराम बुढाथोकी, लुम्बिनी प्रदेश संयोजकमा कृष्ण खनाल, कर्णाली प्रदेश संयोजकमा तेज बहादुर मल्ल र सुदुर पश्चिम प्रदेश संयोजकमा इन्द्रबहादुर सोडारी निर्वाचित भएका छन् । केन्द्रीय सदस्यहरूमा अम्बिका रूपाखेती, गणेशमान गिरी, राजन श्रेष्ठ, गणेश कुमार चौधरी, खिमराज घिमिरे, केशब प्रसाद तिमिल्सिनालगायत छन् ।


## व्यक्तिगत घटना दर्ता सप्ताह

२०८० साल बैशाख १ देखि ७ गतेसम्म

जन्म दर्ता किन गर्ने ?




थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर

## शौचालयको प्रयोग गरौं, संक्रमणबाछ जोगिऔं !

- खुल्ला स्थानमा दिसापिसाब नगरौं ।
- शौचालयमा मात्र दिसापिसाब गरौं ।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं ।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसंग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।

जीवाणुबाट लगायतको संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने बितिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा<br>पोलियो<br>पि. सि. भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा<br>पोलियो<br>पि. सि. भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो<br>एफ.आई.पि.भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी.<br>पि.सि.भी.<br>दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला<br>टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।

खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

थाहा नगरपालिका


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी